# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/०७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला डोटी, साविक जिजौडामाण्डौ र पोखरी गा.वि.स. को कार्यालयका तत्कालिन गा.वि.स. सचिव ईश्वर बहादुर सिंहले उल्लिखित गा.वि.स.हरुको लागि चालु आ.व. २०७३/०७४ को पहिलो चौमासिकमा सामाजिक सुरक्षा भत्ता, पुँजिगत र संचालन खर्चमा निकासा भएको रकम र गत आ.व.को बैंक मौज्दात रहेको रकम समेत हिनामिना गरी आम्दानी तथा खर्चका लेखा स्रेस्ता कागजातहरु समेत नष्ट गरी भ्रष्टाचार गरेकोले आवश्यक छानविन गरी कारबाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा निजले उल्लिखित गा.वि.स.को स्थानिय कोष खाता, चालु खर्च खाता र पूँजिगत खर्च खातामा गत आ.व.को बैंकमा मौज्दात रहेको रकम उक्त गा.वि.स.हरुको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, डोटीमा रहेको खाताबाट झिकि निकाली सम्बन्धित आयोजना निर्माण, खरिद तथा मर्मत कार्यको लागि भुक्तानी नदिई, सामाजिक सुरक्षा भत्ता वापतको रकम सम्बन्धित लक्षित वर्गलाई वितरण नगरी खाईमासी वदनियतपुर्वक हिनामिना गरी आफुलाई गैरकानुनी लाभ पुर्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुर्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुंदा निजलाई विगो रु.२८,६२,७४२/- (अठ्ठाईस लाख बैसाठ्ठी हजार सात सय बयालिस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही ऐनको दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै निजले आम्दानी खर्चका लेखा स्रेस्ता फाँटवारी समेत लुकाई नष्ट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको समेत कसूर गरेको पुष्टी हुन आएको हुंदा निजलाई सोही दफा १२ बमोजिम समेत सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता